# कविलासी नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : १ संख्या :५ मिति : २०७६/०६/१४

### भाग-२

### कविलासी नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी कविलासी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ बमोजिम कविलासी नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७६ सालको कार्यविधि नं. ५

### "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना:**स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा एवं श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिार प्रयोग गरी कविलासी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ बमोजिम कविलासी नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ"वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न, गराउन हुँदैन ।

**(२) नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस कविलासी नगर कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/ नभएको सम्बन्धमा देहाय बमोजिमको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

क) ईन्जिनियर ................................ संयोजक

ख) प्रशासन शाखा प्रमुख .................. सदस्य

ग) राजस्व शाखा प्रमुख ................... सदस्य

घ) योजना शाखा प्रमुख ................... सदस्य

a) सब ईन्जिनियर ........................ सदस्य

(३) उपदफा (२) बमोजिमको समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म कम्पनीहरुको इजाजतपत्र प्रमुख स्तरको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलााई अनुसची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**(३) इजाजतपत्रको अवधि र नवीकरण :**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित नगरपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनुपर्नेछ । इजाजतपत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची-४ बमोजिमको पासबुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न नगरपालिका बाध्य हुने छैन ।

(३) उपदफा(२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**४) इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ऋ) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा भुट्टा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखि आएमा,

(ग० सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरकेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइनेछ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बबन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५) इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिन पर्नेछ ।

**६) प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७) खारेजी र बचाउः** (१) कविलासी नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि , २०७५ खारेज गरिएको छ ।

(२) यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूचि-१

कार्यविधिको दफा २ को उपदफा(१) सँग सम्बन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

| दरखास्तवालाको फोटो |
|---|

विषय : इजाजतपत्र पाँउ भन्नेबारे ।

श्री नगर कार्यपालिकाको कार्यालय,
कविलासी, सर्लाही ।

यस कविलासी नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७६ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :

नाम :

ठेगाना :

पोष्ट बक्स :

टेलिफोन नं. : फ्याक्स नं. : ईमेल :

२. फर्मा वा कम्पनीको प्रकृति :

| | | | |
|---|---|---|---|
| | प्राईभेट लिमिटेड कम्पनी कम्पनी | | पब्लिक लिमिटेड |
| | एकलौटी | | साँझेदारी |

(कोष्टमा रेजा लगाउनुपर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :
नाम, थर :
ठेगाना :
पोष्ट बक्स :
टेलिफोन नं.: फ्याक्स नं. : ईमेल :
४. फर्म वा कम्पनीको विवरण :

दर्ता नं. : दर्ता मिति :
अधिकृत पूँजी : जारी पूँजी :
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :
५. ईजाजतपत्र लिन चाहेको वर्ग : (घ) वर्ग

६. समूहीकरण हुन चाहेको समूहः

आर्थिक स्रोतको विवरण :

| | रकम | वित्तीय सँस्था बैंकको नाम |
|---|---|---|
| स्थायी ओभर ड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।
८. कामदारको विवरण :
(क) प्राविधिक :
(ख)अप्राविधिक :
(ग) अन्य :
प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्नेछ ।

९. आफ्नै स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ताा नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औंजारहरुको स्वामित्वको कागजात ( दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी आाौजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :

क.

ख.

ग.

यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुट्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको

दस्तखत :

मिति :

द्रष्टव्य : यस दरखास्त फारमसाथ दरखास्त फारममा उल्लख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गनुपर्नेछ।

अनुसूचि-२

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

| क.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिति दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | १,५००।- | १,५००।- | २,०००।- | ५००।- |

द्रष्टव्य :

क. "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७६को दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलकमा उल्लिखित दस्तुर मात्र तिर्नु पर्नेछ ।

ख) माथि उल्लिखित दररेट सम्बन्धमा नगरपालिकाको आर्थिक ऐनमा अन्यथा उल्लेख भएमा सोही बमोजिम हुनेछ ।

अनुसूचि -३

कार्यविधिको दफा २ को उपदफा(४) सँग सम्बन्धित

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही

## निर्माण व्यवसायी ईजाजतपत्र

ईजाजतपत्र नं............. मिति :............................

“घ” वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७६को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न .......................... स्थित कार्यालय भएको .......................................... फर्मा वा कम्पनीलाई ईजाजतपत्र प्रदान गरिएको छ ।

ईजाजतपत्र दिनेको :

“घ” वर्ग

दस्तखत :

नाम :

पद :

मिति :

कार्यालय :

नवीकरण :

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूचि-४

कार्यविधिको दफा ३ को उपदफा(२) सँग सम्बन्धित

निर्माण व्यवसवयीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजानक निकायको विवरणा | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम……..<br>ख)सम्झौता मिति :……<br>ग)ठेक्का अवधि... | क) नामः...<br>अ) पद :....<br>ग) हस्ताक्षर :....<br>घ) छाप :.... | क)थप समयः....<br>समयावधि थप गर्ने पदाधिकारीको<br>क)नामः....<br>ऋ)पदः...<br>ग)हस्तााक्षरः....<br>घ)निर्णय मितिः...<br>ª) छापः ... | क)Variation पछिको Contract Amount<br>क)Variation को निर्णय गर्ने पदाधिकारीको<br>क)नामः...<br>ख)पदः...<br>ग)हस्ताक्षरः...<br>घ)छापः .... | क) सम्पन्न रकमः....<br>ख)सम्पन्न मिति :...<br>ग)सम्पन्न % ....<br>घ)नामः...<br>ª)पदः....<br>ग)हस्ताक्षरः....<br>छ)छापः... | क)अन्तिम ठेक्का रकमः ...<br>ख)सम्पन्न मितिः...<br>ग)नामः ....<br>घ)पदः....<br>(हस्ताक्षरः...<br>च)छाप :.... | |
| | | | | | | | | | | | |

अनुसूची-५

**"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनुपर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ्ग विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तिर्ण एक जना प्राविधिक , प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र /अर्थशास्त्रमा प्रपाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

३. मेशिन र उपकरण :

(क) ट्रेक्टर (एक थान)

(ख) मिक्सर (एक थान)

(ग) वाटर पम्प (एक थान)

घ) भाइब्रेटर (एक थान)

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजनतहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईर्जिनियरले प्रमणित गरेको हुनुपर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

पुनश्चः ट्रेक्टरको हकमा खरिद गर्ने प्रतिबद्धतापत्र संलग्न गर्नुपर्नेछ र नवीकरणको समयमा ट्रेक्टर खरिद गरकेको प्रमाण अनिवार्य पेश गर्नु पर्नेछ ।

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७६/०६/१२ गते**

**आज्ञाले,**
**रामकुमार महतो**
**प्रमुख प्रशासकीय अधिकृत**

**कविलासी नगरपालिकाद्वारा प्रकाशित मूल्य रु. १०/-**